6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on **13:00** Hrs of ***2079/10/25 (Feb.08 , 2023 AD)*** at ***Chaurpati Rural Municipality , Office of the Rural Municipal Executive*** Chaurpati Achham.Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a scanned copy of the bid security in .pdf format amounting Prescribed in the following table which shall be valid for 30 days beyond the validity period of the bid .
7. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid**.**
8. Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever

**DETAILS OF WORK**

| S.N | Contract Id | Description of works | Estimated Amount(NRs.) Excluding VAT and Contingency | Bid Security Amount in NRs. | Bid Document Cost (NRs.) (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1 | CRM/ACHHAM/ NCB/G/10/2079/080 | Procrument & Supply of Drugs and Surgical items | 2977324.50 | 75000.00 | 1000.00 |
| 2 | CRM/ACHHAM/ NCB/G/11/2079/080 | Procuerment of Sanitary Pad (8 PC Per Packed) | 1276991.15 | 32000.00 | 1000.00 |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२५ पुस २०७९,सोमबार
9 January 2023, Monday

## सम्पादकीय

### ओझेलमा एजेण्डा

नयाँ सरकार निर्माणका क्रममा सत्तारूढ दलहरूले संघदेखि सातै प्रदेशमा आलोपालो नेतृत्व गर्ने सहमति गरेका छन् । प्रधानमन्त्रीदेखि मुख्यमन्त्री र सभामुखहरूमा समेत आलोपालोको सहमति जुटेका छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पहिलो कार्यकाल सरकारको नेतृत्व गरेपछि दोस्रो कार्यकालका निम्ति नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई छोड्ने सहमति छ । प्रधानमन्त्री पदमा हुने आलोपालोको असर सभामुख पनि पर्नेछ । प्रचण्डले प्रधानमन्त्री छोडेकै बेला माओवादी केन्द्रले सभामुख पाउनेछन् । पाँच वर्षसम्म आलोपालो नहुने पद भने राष्ट्रपति र उपराष्ट्रपति मात्रै हुनेछन् । राष्ट्रपति एमाले र उपराष्ट्रपति माओवादी केन्द्रका हुनेछन् । बाँकी सबै पदमा आलोपालो गर्ने सत्तारूढ दलहरूबीच सहमति जुटेको छ ।

मधेश बाहेकका प्रदेशमा एमाले र माओवादी केन्द्रबीच आलोपालोको सहमति हुनेछ । मुख्यमन्त्री पाउने दलले सभामुख पाउने छैन । तर मुख्यमन्त्री फेरिएसँगै सभामुख पदमा पनि नयाँ निर्वाचन गर्ने सत्तारूढ दलका शीर्ष नेताहरूले सहमति गरेका छन् । मधेश प्रदेशमा भने सत्तारूढ दलमा रहेका जनता समाजवादी पार्टी (जसपा) र जनमत पार्टीले आलोपालो मुख्यमन्त्री चलाउनेछन् । राप्रपा र नागरिक उन्मुक्तिले सभामुख र उपसभामुखको भाग पाउनेछन् । राष्ट्रिय स्वतन्त्र पार्टीसँग प्रदेशसभामा सिट छैन । तर प्रतिनिधिसभामा यो पार्टीले उपसभामुख दावी गरेको छ । अध्यक्ष रवि लामिछाने गृह सहित उपप्रधानमन्त्री भइसकेका छन् । सत्तारूढ सात दलबीच भागबण्डा हुनुलाई शक्ति सन्तुलनको रूपमा अर्थ्याउन सकिन्छ । संयुक्त सरकार बन्दा यस्ता अभ्यास हुनु स्वभाविक नै हो ।

तर अहिले आलोपालो नेतृत्व गर्ने सहमतिलाई भने उचित मान्न सकिन्न । गत आमचुनावबाट कुनैपनि दलले प्रष्ट बहुमत ल्याउन नसकेकाले संयुक्त सरकार जनादेश नै हो । यसको अर्थ प्रधानमन्त्री आलोपालो हुने, मुख्यमन्त्री र सभामुखहरू आलोपालो भन्ने होइन । कम्तिमा सबैभन्दा ठूलो दलले नेतृत्व गर्नु जनादेश हो । त्यसो नभएर सहमतिमै सत्ताको नेतृत्व गर्दा अरू दलले एजेण्डाका आधारमा समर्थन गर्नु राम्रो हुने थियो । किनकि मुलुकलाई राजनीतिक स्थीरता चाहिएको हो । राजनीतिक स्थीरतासँगै दलहरूले आफ्नो दलगत एजेण्डालाई प्राथमिकतामा राख्नुपर्ने हो । तर एजेण्डालाई भने सार्वजनिक खपतका निम्ति मात्रै उपयोग गरेर पदलाई प्राथमिकतामा राखिनु किमार्थ उचित होइन । यसले राजनीतिक अस्थिरतालाई नै बल पुग्छ । भागबण्डा बिग्रिएको दिन सत्ता ढल्ने र फेरि अर्को खेल शुरू हुने पक्का छ । त्यसैले दलहरूले गरेको सम्झौता आफैमा अन्तिम निर्णय होइन । दलहरूले आफ्नो निर्णय पुनर्विचार गर्न आवश्यक छ ।

# हिमालयको बिग्रँदो अवस्था

अग्रलेख



● लोकनारायण सुबेदी

हिमालय पर्वत श्रृंखलाको वारपार र वरिपरीको क्षेत्रलाई एउटा प्रमुख भूकम्पीय क्षेत्र नै मानिन्छ । यो क्षेत्रमा 'इण्डियन र तिब्बतीयन प्लेट'काबीच घर्षण रहेको भूगर्भवेत्ता र पर्वतीय अनुसन्धाताहरुले वर्षौंदेखि बताउँदै आएका छन् । त्यसैले यो क्षेत्र भूस्खलन र बाढीका लागि निकै संवेदनशील क्षेत्र मानिन्छ । यो क्षेत्रमा कुनै पनि बेला ठूलो विपत्ति आउन सक्ने खतरा मौजूद छ । २०७२ आएको भूकम्पले अहिलेसम्म पनि तर्साइरहेको छ भने भर्खरै ७ र १२ नोभेम्बरका भूकम्पका झड्काहरुले पनि हामीलाई संत्रस्त पार्न छोडेको छैन । बितेको तीन दशकभन्दा केही बढी समययताको मात्र कुरा गर्ने हो भने पनि नेपाल र छिमेकी भारतको उत्तराखण्डमा जे-जति भूकम्पहरु आए तिनले हजारौं हजार मानिहरुको ज्यान लियो । अनि पर्वतीय क्षेत्रमा बाढी र पहिरोले पनि बर्बादी बढायो । यस हिसाबले भन्न सकिन्छ कि यो हिमालय क्षेत्र विपत्तिको पावर हाउस बन्न गएको छ । यति हुँदा हुँदै पनि यसबाट कुनै शिक्षा नलिएर हिमालयको क्षेत्रको विकासको स्थिर मोडेलका विषयमा एक कदम पनि अघि बढेको देखिँदैन ।



यो प्राकृतिक घटना बेला-बेलामा आइरहन्छ भन्ने कुरा सर्वविदित नै छ । यो एक पटक आए पछि फेरि-फेरि नआउने कुनै घटना प्रकृया पनि होइन । यसलाई बुझ्नका लागि भिरालो भिरालो परेको उच्च पर्वत श्रृंखला हिमालयको अध्ययन गर्नु र यसलाई जान्नु अत्यावश्यक छ । यसका दुई ढाल अर्थात्, भिराला भित्ताहरु छन् उत्तरी र दक्षिणी । दक्षिणी ढलोमा नेपाल, भूटान र भारत पर्दछन् । मध्य हिमाल क्षेत्र दक्षिणी ढलोमा पर्दछ । यो हिमालयका तीन वटा पर्वत श्रृंखलाहरु छन् जसमा शिवालिक, साना हिमलाय र ठूला हिमाल पर्दछन् । यी क्षेत्रहरु भूकम्पका लागि अति संवेदनशील क्षेत्र हुन् ।

भारतको उत्तराखण्डमा सन् १९९१ मा आएको भूकम्प पछि वैज्ञानिहरुको एक सर्वेक्षणले यमुना नदीको उद्मस्थल बाँदरपुछदेखि लिएर गंगोत्री, केदारनाथ, बदरीनाथदेखि पिथौरागढ तथा नेपालसम्मका पहाडी भू-भागहरुमा दरार परेका छन् । ती दराहरु लगातार आउने गरेको भूकम्पबाट अझ फराकिलो बन्दै गएका छन् । के पनि यथार्थ हो भने बारम्बार भूकम्प आउँदा कतिपय त्यसरी चर्किएर या चिरिएर बनेका दरारहरु आपसमा टाँसिएर या जोडिएर पुरिन पुग्दछन् भने कतिपय अझ चौडा बनेर जान्छन् । ती चौडा बनेका ठाउँमा वर्षाको बेला परेको पानी भरिएर ठाउँ-ठाउँमा पहिरो र भूस्खलन हुने गरेका छन् । जसले गर्दा, यो हिमालय क्षेत्रबासीहरु हरेक वर्ष आफ्नो जीविकाका लागि अत्यावश्यक सर सामानहरुको लगातार कमी या अभाव भइरहन्छ । उनीहरुले यसरी मानवीय त्रासदी व्यहोर्नु परिरहेको हुन्छ ।

बाढी, भूकम्प, भूस्खलन जस्ता विपत्तीलाई ध्यानमा राखेर भूगर्भ वैज्ञानिहरुले पूरै हिमालय क्षेत्रलाई जोन चार र पाँचमा राखेका छन् । यति हुँदा हुँदै पनि के चिन्ता गरिन्छ भने यस्ता संवेदनशील क्षेत्रहरुमा कहिँ पनि भूकम्पको सामना गर्न र बाढी नियन्त्रणका उपायहरु गरिएका कतै पनि देख्न र सुन्न पाइने गरेको छैन । जसबाट विपत्तीको समयमा बच्ने उपाय गर्न सकियोस् । भूकम्पको खतरा हिमालय क्षेत्रमा यसकारण पनि बढी छ कि यो बाँकी भू-भाग हिमालयलाई पाँच सेण्टिमिटर प्रति वर्षका दरले वर्षको तीव्र गतिमा उत्तर तिर धकेलिने गर्दछ । यसको अर्थ हो कि यो हिमालय क्षेत्र अत्यन्तै गतिमान अवस्थाबाट गुज्रिरहेको छ र यसमा भौगर्भिक हलचल भइरहेको हुन्छ । यसकारण भूकम्पपछि भूस्खलन एउटा स्वभाविक घटना बन्न जान्छ ।

> *नेपालमा विश्वको सबैभन्दा अग्लो हिमालय पर्वत राज छ भनेर नाक फुलाउने र यसको महिमा मण्डन गर्नेभन्दा पनि हिमालयमा भूकम्पका कारण उत्पन्न हुने गम्भीर स्थतिबाट कसरी जोगिने, हिमालय क्षेत्रको भौगोलिक र पर्यावरणीय स्थितिलाई के कसरी जोगाउने र विकास परियोजनाहरूलाई तत्कालीन र दीर्घकालीनरूपमा कसरी प्रकृति मैत्री तुल्याउने भन्ने कुरामा निरन्तर ध्यान केन्द्रित गर्नु अत्यावश्यक छ ।*

भूकम्पको निरन्तर बढ्दो तीव्रतालाई ध्यानमा नराखे यो सुन्दर हिमालय क्षेत्रको मनोरम सुन्दरता नराम्रोसँग बिग्रन सक्दछ भनेर विज्ञहरु औंल्याउँदछन् । किन पनि भने यो हिमाली क्षेत्रमा बन्ने गरेका प्राय: सबैजसो भौतिक संरचनाहरु तिनै भूकम्पले बनाएका दरारकै वरिपरी बन्ने बनाइने गरेको छ । यहाँको भू-भागको सतहको झण्डै १५ किलोमिटर तल अनेकौं यस्ता तत्वहरु सक्रिय रहेका छन् जसले भूकम्पको गतिशीलतालाई अझ बढाइदिन्छन् । हिमालयका स-साना र भिरालो भू-बनौटलाई ध्यानमा नराखेर सुरुङ्ग आधारित कुनै परियोजनाहरुलाई भू-भागको वेवास्ता गरेर जस्तो ठूला-ठूला फराकिला सडकहरु, धेरै तल्ले घरहरु, बनको व्यवसायिक कटानबाट बाढी र पहिरोको खतरा अझ बढ्न गएको छ । यस्ता निर्माण कार्यहरु भूकम्पले दरार बनाएका क्षेहरुमा अझ बढी भएका र भइरहेका छन् ।

लामा-लामा सुरुङ्गहरु बनाउनका लागि बिस्फोट पदार्थहरुको उपयोग पनि गरिएको छ । नदी किनारहरुमा अधिकांश घर, होटेल र शहरहरु बनेका र बसेका छन् । यसले गर्दा वर्षाको समयमा नदीहरुमा आउने बाढी निकासको पर्याप्त स्थान नपाएर त्यस क्षेत्रको वरिपरी संहिता र नियम विपरीत बेढंगले बनेका घरहरु बढी नोक्सानीमा पर्ने गरेका छन् । प्रष्ट छ, यस्ता दरारहरुमा निर्माण कार्य गर्नु भनेको भूकम्पलाई निम्ता दिनु सरह हो । निर्माण गर्दा जल निकासको प्रबाहलाई त्यसैले रोक्ने कार्य गर्नु हुँदैन । प्राकृतिक बहाबको निकास निश्चितरुमा राखेको हुनु पर्दछ । अन्य देशका साथै जापान र अष्ट्रेलियमा पनि ठाउँ-ठाउँमा यस्ता भूकम्पका दरारहरु रहेका छन् । तर, त्यहाँ सडक या यस्तै अन्य संरचना निर्माण गर्दा पानीको बहावको निकास गर्ने प्रबिधिको उपयोग गरिने कुरामा गम्भीरुपमा ध्यान दिने गरिन्छ । फलत: वर्षात्को समयमा पानी रोकिँदैन र सडकहरु अवरुद्ध नभएर स्थिर रहने गर्दछन् । तर, हाम्रो यो हिमालय क्षेत्रमा भने यस्ता निर्माणका कार्यले गर्दा नै जल निकास अवरुद्ध भइरहेका छन् र समस्या निर्माण कार्यबाट शुरु हुन थालेका छन् । फलत: फोहोर महिला र पानी सडकमाथिबाट नै दौडिन थालेका हुन्छन् । यो सामान्य र चानेचुने कुरा होइन । हाम्रा जलविद्युत परियोजनाका कारणले पनि कतिपय क्षेत्रहरुमा हिमालयबाट बगेर आउने नदीहरुको बहाव क्षेत्र प्रभावित हुने गरेको देखिँदै आएको छ । हुन पनि हाम्रो हिमालय क्षेत्र नै उद्गम श्रोत भएका सबै क्षेत्रहरु भूकम्प प्रभावित क्षेत्रमै रहेका छन् ।

त्यसैले यसको नजिक जति पनि विद्युत, सिँचाईलगायतका अन्य विकास परियोजनाहरु निर्माण भएका या निर्माणाधीन छन् तिनका लागि साना ठूला सुरुङ्गहरु बनाइने गरेका छन् । तिनले पनि भाबी दिनमा साना ठूला समस्याहरु पैदा हुने जानकार विज्ञहरु बताइरहेका छन् । यो अन्तत: विकासको बाटो नभएर विनाशको बाटो बन्न जाने कुरा प्राय: निश्चित छ । हामीले बुझ्नै पर्दछ कि हिमालयको जलस्रोतको श्रोत हाम्रो देश हुँदैन्थ्यो भने हाम्रो र भारतको समेत आधा जनसंख्यालाई पिउने पानीकै डरलाग्दो समस्या खडा हुन जाने थियो ।

त्यसैले आज हामीले नेपालमा विश्वको सबैभन्दा अग्लो हिमालय पर्वत राज छ भनेर नाक फुलाउने र यसको पहिमा मण्डन गर्नेभन्दा पनि हिमालयमा भूकम्पका कारण उत्पन्न हुने गम्भीर स्थतिबाट कसरी जोगिने, हिमालय क्षेत्रको भौगोलिक र पर्यावरणीय स्थितिलाई के कसरी जोगाउने र विकास परियोजनाहरुलाई तत्कालीन र दीर्घकालीनरुपमा कसरी प्रकृति मैत्री तुल्याउने भन्ने कुरामा निरन्तर ध्यान केन्द्रित गर्नु अत्यावश्यक छ । अन्यथा, हिमालयको बिग्रदो स्वास्थ्यले मानिस र प्रकृतिमाथि पनि गम्भीर र भयावह नकारात्मक असर पार्ने कुरा एकदमै निश्चित छ ।

## सामाजिक सञ्जाल



- प्रमोद दण्डन

विमानस्थल सञ्चालन जस्तो सानो कुरामा भारतलाई कन्भिन्स गर्न अहिलेका सरकारलाई गाह्रो हुने रहेछ भने इतिहासमा तत्कालिन राजा महेन्द्र, प्रम किर्तिनिधि बिष्ट र सर्दार यदुनाथ खनालले कसरी भारतीय सैनिक पोस्ट हटाएका थिए होलान् ? हुन त आफ्नै इतिहासलाई गाली गर्ने फेशन चलेको भएर हो कि ?



- अरूण सुवेदी

अन्तराष्ट्रिय विमानस्थल छ, अध्यागमन छ तर उडान छैनन्; कर्जा दायित्व छ देशको । देशले ऋण बोक्ने योजना उत्तेजनाले छान्ने हैन, जे भयो नहुनुपर्ने भयो अब होशियारपूर्वक समाधान खोजौं, एकअर्कालाई दोषारोपण गरेर नबसौं, अल्मलिएर नफसौं ।



- लालबहादुर डोबा

जन्म दर्ता, बुवा आमाको नागरिकता, स्कुलको प्रमाण पत्र र वडाको सिफारिस लिएर जानु त कुन जिल्ला सिडियोको ताकत छ नागरिकता पाउन बात बञ्चित गर्न ? युपी बिहारबाट बाउ-आमा नेपाल घुस्ने छोरा/छोरी नेपाली नागरिकता पाइएन मधेशी भनेर राज्यले विभेद गर्‍यो भन्दै कराएर हुन्छ ?



- बाबुराम भट्टराई

वर्तमान निर्वाचन प्रणाली रहुन्जेल कुनै दलको बहुमत नआउने र देश सधैं अस्थिरतामा फसिरहने भएपछि यसो गरे कसो होला ? राष्ट्रिय सहमतिको सरकार बनाएर टिआरसीलगायत शान्ति प्रकृयाका बाँकी काम टुंग्याउने सीमा विवाद हल गर्ने संविधान संशोधन गरेर निर्वाचन प्रणाली बदल्ने अनि स्वस्थ प्रतिस्पर्धा गर्ने ?



- शरदराज पाठक

खासमा गर्नैपर्ने चाहिँ पुष २७ पृथ्वी जयन्तीको दिनलाई 'राष्ट्रिय एकता दिवस' घोषणा हो । हामीले उठाएको राष्ट्र निर्माताको सम्मान र उहाँप्रतिको गौरवभावको विषय हो । तर, यहाँ सार्वजनिक विदामात्रै घोषणा गरेर एकता दिवसको माग र औचित्य छाँयामा पार्ने कपटी योजना हावी हुने देखियो । दुःखद् !

# बाथरोगको समस्या र उपचार

स्वास्थ्य



● प्रा. डा. बुद्धि पौड्याल

> *नेपालमा बाथरोगसम्बन्धी यकिन आँकडा उपलब्ध नभए तापनि अरू देशको आँकडासँग तुलना गर्दा कुल जनसंख्याको १० प्रतिशतभन्दा धेरैलाई कुनै न कुनै किसिमको बाथरोग भएको अनुमान गरिएको छ । विभिन्न अध्ययनका अनुसार बाथरोग भएका दुई तिहाईभन्दा बढी बिरामीहरू ६० वर्षभन्दा कम उमेर समूहका र आर्थिक हिसाबले उत्पादनशील उमेर समुहका छन् ।*

सामान्य भाषामा बाथरोग अर्थात् आरथ्राईटिस भन्नाले शरीरका विभिन्न जोर्नी र जोर्नी वरपरका संरचनाहरु (हाड, मांसपेशी र यिनीहरुलाई परस्परमा जोडेर राख्ने नसाहरु) दुख्ने, सुन्निने, कक्रक्क हुने र अररो भई राम्ररी चलमल गर्न नसकिने अवस्थालाई बुझिन्छ । नेपाली समाजमा जोर्नी र जीउ दुख्ने समस्याको प्रमुख कारणमा विभिन्न किसिमका बाथरोगहरु पर्दछन् । बाथरोग हरेक उमेर, लिङ्ग र पेशाका मानिसहरुमा हुनसक्ने साझा रोग पनि हो । सामान्यतया: बाथरोग लामो समयसम्म रहिरहने दीर्घरोग भएता पनि रोगको किसिम र प्रकृति हेरी कुनै बाथरोग पूर्णतया: निको हुने खालको हुन्छ भने धेरैजसोमा लामो समयसम्म (सम्भवत: जीवनभरी नै) औषधी सेवन गर्नुपर्ने हुनसक्छ ।

विभिन्न अध्ययनअनुसार बाथरोगहरु अमेरिकालगायत विश्वभरी नै शारीरिक दुर्बलताको सबैभन्दा प्रमुख कारण भएको थाहा हुन आएको छ । नेपालमा बाथरोगसम्बन्धी यकिन आँकडा उपलब्ध नभए तापनि अरु देशको आँकडासँग तुलना गर्दा कुल जनसंख्याको १० प्रतिशतभन्दा धेरैलाई कुनै न कुनै किसिमको बाथरोग भएको अनुमान गरिएको छ । विभिन्न अध्ययनका अनुसार बाथरोग भएका दुई तिहाईभन्दा बढी बिरामीहरु ६० वर्षभन्दा कम उमेर समूहका र आर्थिक हिसाबले उत्पादनशील उमेर समुहका छन् । कतिपय बाथरोगले त बच्चा र वयस्कहरुलाई मात्रै असर गरेको पाइन्छ । यसबाट बाथरोगले व्यक्ति, परिवार, समाज र देशकै स्वास्थ्य स्थिति र अन्तत: अर्थ व्यवस्थामा समेत कतिसम्म नराम्रो असर पुऱ्याउन सक्छ भनेर आकंलन गर्न सकिन्छ ।

### बाथरोगबारे जान्नुपर्ने तथ्य

- बाथरोगले हरेक उमेर समूह (बालबालिका, वयस्क, बृद्धावस्था)का व्यक्तिहरुलाई असर गर्न सक्छ । रोग छिप्पिदैं जाँदा शरीरमा नकारात्मक असर पनि बढ्दै जाने भएकोले बालबालिका तथा वयस्क अवस्थामा देखा परेको बाथरोगले कालान्तरमा जोर्नीमा अझ धेरै असर पार्न सक्छ ।
- बाथरोगले जोर्नीमा मात्रै सीमित नरहिकन शरीरका विभिन्न अङ्गहरुमा पनि असर पार्न सक्दछ । बाथरोगको प्रकार, प्रकृति र सिकिस्तपनअनुसार शरीरका विभिन्न महत्वपूर्ण अङ्गहरुमा जटिल असर पार्नेदेखि लिएर समयमा उचित उपचार नभएमा बिरामीको आयुसमेत घटाईदिन सक्छ ।
- हाम्रो समाजमा जुनसुकै उमेर, लिङ्ग वा वर्गको मानिसमा जोर्नी, मांसपेशी वा हातगोडा दुखेमा, सुन्निएमा वा झमझम गरेमा यूरिक एसिड बढेर यस्तो भएको मानिन्छ, जुन धेरै हदसम्म सत्य होइन । यूरिक एसिड बढी भएर हुने बाथ (गाउट) प्रायजसो वयस्क र बढ्दो उमेरका पुरुषहरुलाई हुन्छ । धेरै प्रकारका बाथरोगहरु मध्ये युरिक एसिडको बाथ एक हो । अरु किसिमका बाथरोगहरु यूरिक एसिडसँग सम्बन्धित हुँदैनन्, अरु नै कारणले हुन्छन् ।
- रोगको प्रकृति र सिकिस्तपन हेरी बाथरोगको उपचारमा आवश्यकतानुसार पेनकिलर औषधीको प्रयोग गरिन्छ । तर, यसको प्रयोगले मात्रै बाथरोगको उपचार हुन सक्दैन । बाथरोगको मुख्य औषधी सेवन नगरी खाली पेनकिलर मात्रै सेवन गर्दा औषधीको कुप्रभाव स्वरूप पेट, मृगौला, मुटुलगायतका अङ्गमा असर गरी ज्यानै जोखिममा पर्न सक्छ । चिकित्सकसँगको परामर्श बेगर आफूखुसी लामो समयसम्म पेनकिलर औषधी सेवन गर्दा यस्तो समस्या हुनसक्छ ।
- चिकित्सकको नियमित परामर्शमा रही औषधी सेवन गर्दा बाथरोगविरुद्धका औषधीहरुले मृगौलालगायत अरु अङ्गहरुमा असर पार्ने सम्भावना एकदमै कम हुन्छ । यसको लागि डाक्टरको निकट निगरानीमा रही बेलाबेलामा रगत परीक्षण गर्नुपर्ने हुन्छ । बरु जथाभावी आफूखुसी औषधी सेवन गर्दा किड्नी फेल भएको उदाहरण धेरै पाउन सकिन्छ ।
- बाथरोगबाट ग्रसित बिरामीहरुको अनुभवअनुसार भिन्न-भिन्न किसिमको खानेकुराले बाथरोग र दुखाई बढाएको भन्ने कथन पाईन्छ । त्यसैले कुन खानेकुराले आफुलाई अप्ठ्यारो पारेको अनुभव छ, त्यसलाई परहेज गर्नु राम्रो हुन्छ । हरेक बाथरोगीको अनुभव फरक फरक हुने हुँदा उस्तै खानेकुराले सबैलाई समस्या बढाउँछ भन्नु उचित हुँदैन । सामान्यतया धुमपान र मद्धपानको सेवनले समस्या बढ्न सक्छ । धेरै मात्रामा रातो मासु, चिल्लो, बोसोयुक्त खानेकुरा सेवन गर्नु हुँदैन । अरु सामान्य व्यक्तिले जस्तै बाथरोगका बिरामीहरुले पनि सन्तुलित मात्रामा पोषणयुक्त खानेकुरालगायत प्रशस्त फलफूल, हरिया सागसब्जी सेवन गर्नु राम्रो मानिन्छ ।
- नेपाली समाजमा यस्ताखाले विभिन्न खालका भ्रामक चलनहरु विद्यमान छन् । यी कुनैमा पनि वैज्ञानिक आधार नभएको हुनाले यस्ता कुराको पछि नलागी बाथरोगको शंकास्पद व्यक्तिले सकभर छिटो उचित ठाउँमा गई चिकित्सकको परामर्श लिएर औषधीउपचार गराई हाल्नुपर्छ । प्रभावित जोर्नीमा विभिन्न तेल लगाएर मालिश गर्दा क्षणिक राहत पाउन सकिन्छ, तर बाथरोग निको हुँदैन ।
- प्राकृतिक चिकित्सा लगायतका वैकल्पिक उपचार पद्धतिले जोर्नीको दुखाईबाट क्षणिक राहत दिएपनि बाथरोग बढ्न नदिन र सम्भाव्य जटिलता हुनबाट जोगाउन खासै सहयोग पुऱ्याएको पाइएको छैन ।
- आयुर्वेदिक पद्धतिद्वारा पनि बाथरोगको औषधीउपचार गर्ने पुरानै प्रचलन भए तापनि हिजोआज धेरै ठाउँमा आयुर्वेदिक औषधीको नाम दिएर विभिन्न पेनकिलर र स्टेरोइड औषधीको बेनामी धुलो औषधी सेवन गराएको पाइएको छ । यस्तो औषधीले ज्यानै जोखिममा पर्न सक्ने भएकोले कसैले पनि कहिल्यै पनि बेवारिसे र बेनामी औषधी सेवन गर्ने गराउने गर्नु हुँदैन ।
- बाथरोगको परीक्षण र उपचारको क्रममा आवश्यकतानुसार जाँच-पड्ताल एवम् उपचारको लागि जोर्नीको पानी झिक्नुपर्ने वा जोर्नीमा विशेष किसिमको औषधीको सुई लगाउनुपर्ने हुन सक्छ । विशेषगरि एक-दुईवटा जोर्नीहरू दुखेको-सुन्निएको अवस्थामा दक्ष चिकित्सकबाट यस्तो सुई लगाउन सकिन्छ । यसले जोर्नीको दुखाई घटाएर पेनकिलर औषधीको सेवन कम गर्नसमेत मद्दत पुऱ्याउँछ ।

*(पौडेल वरिष्ठ बाथरोग विशेषज्ञ हुन् । उनी पाटन अस्पताल, लगनखेल र आरोग्य स्वास्थ्य सदन (नेपाल बाथरोग उपचार केन्द्र), जावलाखेलसाग आवद्ध छन् ।)*

## तपाईको राशिफल

- **मेष** : नयाँ काम बन्नेछ । वैदेशिक कार्यमा प्रगति हुने योग छ ।
- **वृष** : अचल सम्पत्तिमा वृद्धिको योग छ । मुद्दा मामिलामा जित हात पर्नेछ ।
- **मिथुन** : अनावश्यक जिम्मेवारीले तनाव मिल्ला । तर, स्वास्थ्य भने राम्रो रहनेछ ।
- **कर्कट** : सम्पत्तिमा वृद्धि हुन्छ । साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ ।
- **सिंह** : धर्मपालनामा रूची देखिन्छ । पराक्रममा वृद्धिको योग छ ।
- **कन्या** : व्यापारिक कार्यहरूमा प्रगति र प्रभाव बढ्ने देखिन्छ ।
- **तुला** : यात्रा सफल हुनेछ । आनन्दमा वृद्धि हुन्छ ।
- **वृश्चिक** : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । कार्यहरूमा वृद्धि हुनेछ ।
- **धनु** : पैतृक सम्पत्ति प्राप्तिको योग छ । स्वास्थ्य राम्रो रहनेछ ।
- **मकर** : सबै कार्यमा धैर्य राख्नुहोला । स्वास्थ्य कमजोर हुनेछ ।
- **कुम्भ** : महत्वपूर्ण भेटघाट हुने देखिन्छ । स्वास्थ्यमा सुधार आउनेछ ।
- **मीन** : धैर्यमा वृद्धि र दैनिक सबै कार्यमा सफलता प्राप्त हुन्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# छात्रछात्रालाई एनसीसी तालिम



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २४ पुस

हुम्लाबाट नेपाली सेनाले छात्रा छात्रलाई एनसीसी सम्बन्धी अन्तिम तालिम दिन जिल्ला बाहिर लगेको छ । हुम्लाको बालमन्दिर माध्यमिक विद्यालयमा अध्ययनरत छात्रा-छात्रलाई एनसीसीसम्बन्धी अन्तिम तालिम प्रदान गर्न सेनाको हेलिकोप्टरबाट बाँकेको कोहलपुर लगिएको हो ।

बराह दल गुल्म हम्लाका गुल्मपति दिनेश खड्काले अनुसार चार महिनादेखि सिमकोटमा एनसीसी तालिम लिँदै आएको ३६ जना छात्रछात्रालाई अन्तिम तालिम प्रदान गर्न बाँकेको कोहलपुर लगिएको बताए । त्यसमा १८ जना छात्रा र १८ जना छात्र रहेका छन् । दुई दिन अगाडि नै विद्यार्थी जानुपर्ने भएपनि हुम्लामा हावा लागेका कारण हेलिकोप्टर आउन सकेको थिएन ।

शनिबार हावा कम भएपछि विद्यार्थीलाई लिन नेपाली सेनाको एमआई सेभेन्टिन हेलिकोप्टर हुम्ला आएको थियो । उक्त अवधिमा ती विद्यार्थीले जिल्लामै अभ्यास तथा तालिम गर्दै आएका थिए । सेनाले ती विद्यार्थीमा अनुशासन, राष्ट्रभक्ति र स्वयंसेवा जागृत गराउने तालिम प्रदान गर्दै आएको थियो। उनीहरुलाई ७९ दिन जिल्लामै तालिम प्रदान गरिएको थियो भने अब १६ दिन नेपालगञ्जको कोहलपुरमा तालिम प्रदान गरिनेछ । त्यसपछि उनीहरू पासआउट हुनेछन् । कोहलपुरबाट हुम्ला फिर्ता सेनाले नै गर्नेछ । हुम्लाका दुई वटा विद्यालय मानसरोवर नमुना मावि र बालमन्दिर माविका छात्राछात्रलाई चार वर्षदेखि उक्त तालिम प्रदान गरिँदै आएको छ ।

# शिक्षक दरबन्दी कम हुँदा पठन पाठनमा समस्या

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, २४ पुस



पश्चिम नवलपरासीको पाल्ही भगवती आधारभूत विद्यालयमा दरबन्दी अनुसारको शिक्षक नहुँदा पठन पाठनमा समस्या हुँदै आएको छ । अहिले उक्त विद्यालयमा ७ शिक्षकको भरमा ४२ विद्यार्थीहरु पठन पाठन गर्दै आएका छन् ।

पाल्हीनन्दनस्थित सरकारी विद्यालयमा शिक्षकको संख्या थोरै र विद्यार्थीको संख्या धेरै हुँदा पठन पाठनमा समस्या भएको हो ।

नवलपरासीका अधिकांश सरकारी विद्यालयहरुमा पढ्ने विद्यार्थीहरुमा विपन्न, गरिब, दलित बालबालिकाहरु रहेका छन् । उक्त विद्यालयहरुमा जसको छोरा छोरी बोडिङ स्कुलमा अध्ययनरत छन् । सरकारी विद्यालयमा पढेका छैनन् । उनीहरुकै अभिभावक विद्यालय व्यवस्थापक समितिको अध्यक्ष छन् । जसले गर्दा विद्यालयको पठनपाठनमा समेत समस्या भएको छ ।

पाल्हीनन्दनका अधिकांश विद्यालयहरुमा दिवा खाजाको रुपमा बिस्कुट चाउचाउ, दालमोट भुजा लगायत बालबालिकाहरुलाई खुवाउने गरिएको छ ।

पाल्ही नन्दन वडा नं ४ स्थित पाल्ही भगवती आधारभूत विद्यालयका प्रधानध्यापक उदयराज मौर्यसहित सात जना शिक्षक र एक जना कार्यालय सहयोगी रहेका छन् ।

पाल्हीनन्दन गाउँपालिकाले पाल्ही भगवती आधारभूत विद्यालयसहित विभिन्न विद्यालयहरुमा फरक-फरक शिर्षकमा शिक्षकहरुलाई भर्ना गरी तलब खुवाए पनि गुणस्तरिय शिक्षा दिन नसकेको स्थानीय अभिभावकहरु बताउँछन् ।

सरकारी विद्यालयहरुको पठनपाठनमा सुधार नहुँदा विद्यालय भर्ना दर पनि घटेको र विद्यालय व्यवस्थापन समिति तथा गाउँपालिका शिक्षा शाखाको लापरबाही बढेको वडा नं. ४ का वडा अध्यक्ष रविन्द्र सहानीले बताए । उनले भने, 'हुनुपर्ने अनुगमन विद्यालयहरुमा भएको छैन ।'

पाल्हीनन्दन गाउँपालिकाका शिक्षा शाखा प्रमोद यादवले अब गाउँपालिकाभित्रका विद्यालयको अनुगमनलाई तीव्रता दिने र दिवा खाजाको विषयमा समेत बुझ्ने बताए ।

**भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.) बाट जारी भएको हकदावी सम्वन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना**

जिल्ला नवलपरासी, साविक बन्जरिया गा.वि.स. वडा नं. ७ हाल रामग्रम नगरपालिका वडा नं. १८ बस्ने जि बिष्णु कुमारी पन्तको नाममा दर्ता कायम रहेको जिल्ला नवलपरासी साविक बन्जरीया गा.वि.स. वडा नं. ७ कि.नं. २७६ ज.वि. ०-९-० जग्गामा धांजी केवटको हकवाला निजको एकमात्र छोरा बुहारी प्रेमा केवटको मही नामसारी र मही वाडफाँड गरी पाउँ भनी यस कार्यालयमा निवेदन दिई तारेखमा बसेकोमा यस कार्यालयबाट जि विष्णु कुमारी पन्तको नाउँमा १५ दिनको म्याद तामेल भई रामग्रम नगरपालिका १८ नं. वडा कार्यालयमा सार्वजनिक सूचना टाँस गरेतापनि कुनै किसिमको प्रतिवाद नगरेको हुँदा हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । बाटाको म्याद बाहेक ३५ दिन भित्र सबुत प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा उपस्थित हुन आउनु होला वा कानुन बमोजिमको वारेस गरी पठाउनु होला, अन्यथा कानुन बमोजिम भै आउने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।
इति संवत २०७९, पौष २० गते रोज ४ शुभम् ।

NIC ASIA
एन आई सी एशिया बैंक लिमिटेड

**निक्षेप रकम उपर हकदावी सम्बन्धी ३५ (पैंतिस) दिने सूचना**

लिस्तिन श्री शेर बहादुर सिंजालीको छोरा, तारा बहादुर सिंजालीको नाति, प्रदेश नं. ५ रुपन्देही जिल्ला, पाल्हीनन्दन गाउँपालिका वडा नं. २ बस्ने वर्ष २२ को श्री हिमाल सिंजालीको मिति २०७९/०५/१४ (ई.स. ३०/०८/२०२२) मा मृत्यु भएकोले यस बैंक ... हिमाल सिंजालीको नाममा रहेको खातामा रहेको निक्षेप रकम ... मृतकको हकवाला भनी ... निवेदन प्राप्त भएकोले ... निक्षेप मौज्दात रकम ... हकदावी गर्न ... सूचना प्रकाशित गरिएको छ । ... मिति ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बाग्लुङ शाखा, ... निवेदन ... उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा ... रकम भुक्तानी हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि साथी पनि

## मलेसियामा रोजगारको अवसर

१. कम्पनी: YOU SECURITY SDN BHD. शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७९/०९/२४ चलानी नं.: ६०१९४५९५ LT. No.: 279080

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 67 | 0 | स. काममा दक्ष | 1500 | ४४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: SLG CONSTRUCTION SDN. BHD. शहर: SETIA TROPIKA
पूर्व स्वीकृत मिति: २०७९/०९/२४ चलानी नं.: ६०१९४५९४ LT. No.: 279081

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 13 | 0 | स. काममा दक्ष | 1500 | ४४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ माघ २ गते (16 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com

## UAE मा रोजगार

कम्पनी: ETIHAD INTERNATIONAL HOSPITALITY (EIH) L.L.C.-SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०७८/०९/१६ चलानी नं.: ६०१७४०२८ L.T. No.: 254805 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 204 | 97 | स. काममा दक्ष | 800 | २८,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २ गते (16 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Secure Manpower Recruitment P. Ltd.**
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## साउदीमा वैदेशिक रोजगार अवसर

१. कम्पनी : Al Ablan Apartments For Furnished Residential Units शहर : Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७९/०७/१४ चलानी नं.: ६०१९०२१४ LT. No.: 274511 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facility Cleaning Labor | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : NOHA ABDUL RAHMAN BIN MUHAMMAD SARHAN CAR SERVICE WORKSHOP शहर : JEDDAH
पूर्व स्वीकृत मिति: २०७९/०७/२३ चलानी नं.: ६०१९०८०२ LT. No.:275226 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ५२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : BURGER TASTE RESTAURANT TO SERVE MEALS शहर : Saudi Arabia, RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०९/२४ चलानी नं.: ६०१९४६३० LT. No.: 279129

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : BLACK BEAR COFFEE CAFE TO SERVE DRINKS शहर : Saudi Arabia, RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०९/२४ चलानी नं.: ६०१९४६२९ LT. No.: 279128

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food & Beverage Counter Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २ गते (16 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9803215045, 9801147203, 9851061402, 9815898777, 9854026594, 9801608479, 9801132810
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## MALAYSIA मा रोजगार

कम्पनी: YANKONG STAINLESS SDN BHD शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०५/२१ चलानी नं.: ६०१८७०४८ LT. No.:271169 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | स. काममा दक्ष | 1500 | ४४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ माघ २ गते (16 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल मून ओभरसिज प्रा. लि.** AMO
श्रम इजाजत नं. ९९२/०६८/०६९
बसुन्धरा-०९, धापासी, काठमाडौं, नेपाल, फोन: ०१-४९८९७१८,०१-४९८९७१९

## साउदीमा रोजगारको अवसर

१. कम्पनी: BLADE CAFE TO SERVE DRINKS शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७८/०७/०२ चलानी नं.: ६०१८९६९४ L.T. No.: 274031 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 2 | 0 | स. काममा दक्ष | 1400 | ४९,१९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: HAMAD THANI HUSSAIN AN-ENEZI ESTABLISHMENT FOR BEVERAGE SERVING शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७९/०८/१५ चलानी नं.: ६०१९२५७६ L.T. No.: 276696 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 4 | 0 | स. काममा दक्ष | 1400 | ४९,१९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २ गते (16 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## मलेसियामा रोजगार

कम्पनी: FIRST MULTI CARTON INDUSTRIES SDN. BHD. शहर: MELAKA
पूर्व स्वीकृत मिति: २०७६/०९/२१ चलानी नं.: ६०१४९५९९ LT. No.: 230450 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 12 | 0 | स. काममा दक्ष | 1100 | ३२,९८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २ गते (16 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**बि. एस. ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.:४९६३३५८,४९६४४१०, ४९८७४०२
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी

## UAE को Ultra luxury 5 Star Hotel मा रोजगारको अवसर

कम्पनी : ABU DHABI NATIONAL HOTELS CO शहर : UAE
पूर्व स्वीकृत मिति: २०७८/०७/३० चलानी नं.: ६०१६७७४० LT. No.: 250784 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/waitress | 21 | 24 | स. काममा दक्ष | 1200 | ४३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chamberman/chambermaid(Room Attendent) | 29 | 25 | | 1000 | ३५,९५० | | | | | | | |
| 3. | Commis/general Cook | 13 | 17 | | 1500 | ५३,९२५ | | | | | | | |
| 4. | Bartender/barman | 10 | 5 | | 1500 | ५३,९२५ | | | | | | | |
| 5. | Guest Relation Officer/receptionist | 9 | 10 | | 1800 | ६४,७१० | | | | | | | |
| 6. | Bell Man / Doorman/porter | 10 | 10 | | 1200 | ४३,१४० | | | | | | | |
| 7. | Demi Chef De Partie/general Cook | 9 | 5 | | 1800 | ६४,७१० | | | | | | | |
| 8. | Life Guard/rescuer | 10 | 3 | | 1200 | ४३,१४० | | | | | | | |
| 9. | Laundry Sorter/laundry Att. | 10 | 0 | | 1000 | ३५,९५० | | | | | | | |
| 10. | Chef De Partie/general Cook | 10 | 5 | | 3000 | १०७,८५० | | | | | | | |
| 11. | Steward (Kitchen Cleaner) | 20 | 0 | | 1000 | ३५,९५० | | | | | | | |
| 12. | Therapist/spa Therapist | 5 | 10 | | 2500 | ८९,८७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ माघ २ गते (16 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
GPO Box: 261, Basundhara-29, Kathmandu (गंगाहरी सदन भवनको चौथो तला)
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 | Mob.: 9801059988, 9801059911, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

## मलेसियामा रोजगारको अवसर

कम्पनी: XU ZHI FOOD SDN BHD शहर: JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०३/१० चलानी नं.: ६०१८१७२४ L.T. No.: 265605 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 80 | 0 | स. काममा दक्ष | 1500 | ४४,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २ गते (16 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 4461353, 446117
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

## कतारमा रोजगार

कम्पनी: SMEET PRECAST WLL शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०९/२४ चलानी नं.: ६०१९४६३२ LT. No.: 278999

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 60 | 0 | स. काममा दक्ष | 1000 | ३६,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २ गते (16 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

